स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कीर्तिमानी फिल्म 'पूर्णबहादुरको सारंगी'का अभिनेता विजय बरालको मुख्य भूमिका रहेको फिल्म 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरु'को मर्मस्पर्शी ट्रेलर सार्वजनिक भएको छ। एक कार्यक्रमका बीच सार्वजनिक गरिएको साढे तीन मिनेटभन्दा लामो ट्रेलरले फिल्मको कथावस्तु, केन्द्रीय द्वन्द्व र चरित्र चित्रणबारे प्रकाश पारेको छ। ट्रेलरमा बुबा-छोरा र दिदी-भाईबीचको सम्बन्ध र भावनात्मक प्रस्तुत गरिएको छ।

आजको विचार...



किन...

(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



आगामी भदौ १२ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'कोशेढुङ्गा'को प्रचार अभियानलाई थप प्रभावकारी बनाउने कविता सार्वजनिक गरिएको छ। 'कोशेढुङ्गाभित्रको कथा' नाम दिइएको कविता फिल्मकी मुख्य अभिनेत्री सुरक्षा पन्तको आवाजमा सुन्न सकिन्छ। कवितामा प्रेम संकल्पको भावनाहरु व्यक्त छन्। लिरिकल भिडियोसहितको कविताले सपना टुट्दै गएपछि सम्झौतामा बाँच्नु पर्दाको पीडादेखि सम्बधमा गरिने विश्वासलाई दर्शाएको छ।

❒ वर्ष ३१ ❒ अंक २५ ❒ २०८२ साउन २६ गते सोमबार 11 August 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### गाजामा इजरायली गोलीबाट ३७ को मृत्यु

(रासस/एएफपी)

**गाजा पट्टी,** साउन २५/गाजाको नागरिक सुरक्षा एजेन्सीले शनिबार इजरायली गोलीबाट कम्तीमा ३७ जनाको मृत्यु भएको जनाएको छ । तीमध्ये सहायता लिन पर्खिरहेका ३० नागरिक समावेश छन् । नागरिक सुरक्षा प्रवक्ता महमुद बासलले इजरायली सेनाले उत्तरी गाजामा सहायता वितरणका लागि प्रयोग गरिएको सीमा नाका नजिकै भेला भएका मानिसहरूमाथि गोली चलाउँदा १२ जनाको मृत्यु भएको र करिब दुई सय जना घाइते भएको बताए । मध्य गाजाको सहायता केन्द्र नजिकै भेला भएका सर्वसाधारणलाई इजरायली सेनाले निशाना बनाएपछि थप छ जनाको मृत्यु भएको र ३० जना घाइते भएको पनि उनले जानकारी दिए । बासलका अनुसार मध्य गाजामा पनि आक्रमणका कारण धेरै जनाको ज्यान गएको छ भने दक्षिणी सहर खान युनिस नजिकै भएको ड्रोन आक्रमणमा कम्तीमा तीन जनाको मृत्यु भएको छ र अन्य धेरै घाइते भएका छन् । गाजामा मिडियामाथिको प्रतिबन्ध र क्षेत्रका ठूला भागहरूमा पहुँच पुऱ्याउन कठिनाइका कारण एएफपीले नागरिक सुरक्षा र इजरायली सेनाले प्रदान गरेका तथ्याङ्क र विवरणहरूको स्वतन्त्र पुष्टि गर्न सक्दैन । इजरायली सेनाले गोली चलाएको रिपोर्टहरूले ग्रसित भएको छ । हजारौं प्यालेस्टिनी गाजामा खाना वितरण केन्द्रहरू नजिकै दैनिक भेला हुन्छन्, जसमा चारवटा अमेरिका र इजरायल समर्थित गाजा ह्युमेनिटेरियन फाउन्डेसनद्वारा व्यवस्थापन गरिन्छ ।

# दिवंगत भएका आफन्तको सम्झनामा पाल्पामा निकालियो गाईजात्रा

कृष्ण पोखरेल

**पाल्पा,** साउन २५/गाईजात्रा पर्व पाल्पामा पनि मनाइएको छ । नेवार समुदायको बसोबास रहेको जिल्लाको तानसेन, रामपुर, भैरवस्थान, खस्यौली, ताहुँ, जब्बादी, सिलुवा, हुमीन लगायतका ठाउँहरुमा नेवार समुदायका मृतकका परिवारहरूले सोमबार बिहानैदेखि गाईजात्रा निकालेका थिए ।

एक बर्ष भित्र दिवङ्गत भएका आफन्तको सम्झना तथा उनीहरूको आत्मशान्तिका लागि हरेक वर्षको भाद्र कृष्ण प्रतिपदादेखि कृष्ण जन्माष्टमीसम्म यो पर्व मनाइने गरिन्छ । जिल्लाका विभिन्न क्षेत्रमा दिवंगत भएका आफन्तको नाममा गाईको अनुहार र गणेशको चित्र अंकित गाई बनाएर सहर परिक्रमा गराइएको थियो । यसो गर्दा मृत व्यक्तिको आत्माले यमलोक जाँदा बाटोमा पर्ने वैतरणी नदी सजिलै तर्छन् र मोक्ष मिल्छ भन्ने धार्मिक विश्वासका साथ यसो गराइएको हो । विशेषगरी नेवारी समुदायमा गाईजात्रा परम्परा चलन चल्तीमा रहेको पाईन्छ । पाल्पामा कसैले धार्मिक परम्परा अनुसार गाईजात्रा मनाउने गर्दछन् भने केही समुदायमा भने मनोरञ्जनको लागि गाईजात्रा मनाउने





गरिएको छ । विगतमा मनोरञ्जनका कुनै आधुनिक साधन र प्रविधि नहुँदा विभिन्न किसिमका जात्राहरु नै मनोरञ्जनका साधनका रुपमा परिचित रहेका थिए । गाईजात्रालाई मृत्यु गणनाको दिनको रुपमा पनि लिने गरिन्छ । राजा प्रताप मल्लको छोराको मृत्यु भएपछि रानीले शोक मनाई रहेको समयमा अन्य मानिसहरुको मृत्यु भइरहेको छ भनेर रानीलाई सम्झाउन, बर्षभरीमा मृत्यु गणनाको रेकर्ड राख्न गाईजात्रा निकाल्ने परम्पराको शुरुवात भएको संस्कृतिविद् निर्मल श्रेष्ठले बताए । मृतकको घरपरिवारबाट गाईजात्रा निकाल्दा मृतक व्यक्तिको स्वर्गमा बास हुने मान्यता रहेको छ । गाईजात्राको दिन यमलोकको ढोका खुल्ने भएकाले मृतकको नाममा जनै पूर्णिमाको भोली पल्ट गाईजात्रा निकाल्ने चलन रहेको छ । घरपरिवारबाट मृतकको नाममा राधा कृष्ण तथा विभिन्न भगवानका रुप बनाएर मानिसलाई सिंगार पटार गर्ने, निगुर्ण भजन, कृर्तन गर्दै, मृतकको फोटो देखाउदै आफन्त, ईष्टमित्र, साथीभाईको साथमा तानसेनमा गाईजात्रा निकालिएको हो । *-बाँकी अन्तिम पेजमा...*

# आज रोपाइँ जात्रा मनाइँदै




**पाल्पा,** साउन २५/पाल्पासहित नेवार समुदायको बाहुल्य भएका देशका विभिन्न भागमा सोमबार रोपाइँ जात्रा मनाइँदै छ । गाईजात्राको भोलिपल्ट मनाइने यो जात्रामा परम्परागत पहिरनमा सजिएर मौलिक बाजाको तालमाधान रोपे जस्तै गरी नृत्य गर्ने चलन छ ।

अघि अघि गोरु, हली र बाउसे अनि पछि पछि रोपाहारले धान रोपेझैं अनिय गर्दै नाचिने यो नृत्यले रोपाइँको झल्को दिन्छ । रोपाँईंजात्रा असारको महिना धानको रोपाइ गरी सके पछी मनाइन्छ । जात्रामा रोपाईंमा धान रोपेझैं गरी नाच्ने गाउने गरिन्छ । रोपाइ जात्रा मनाउन खेतालाहरू जम्मा भएर बाजा गाजाका साथ असारे गीत गाउँदै र नाँच्दै रमाईलो गर्दछन् । यो जात्रा मल्लकालबाट चलेको संस्कृतिविद् बताउँछन् ।

# हराउँदै जनै बाट्ने संस्कृति : पुराना पुस्ता चिन्तित

**तानसेन (पाल्पा),** साउन २५/तानसेनका ७५ वर्षीय नरेशचन्द्र घिमिरे जनै बाट्ने संस्कृति हराउँदै गएकामा चिन्तित छन् । जनैको महत्व युवापुस्ताले नबुझ्दा संस्कृति सङ्कटमा पर्दै गएको उनको भनाइ छ ।

घिमिरेले भने, "हामीले जनै आफैं बाटेर सबैको घर-घरमा पुऱ्याउँन्थ्यौं, अहिले त्यस्तो छैन । बरु बाहिरबाट ल्याएर लगाउन अहिलेको पुस्ता तयार छन्, पुरानो संस्कृति जोगाउन नयाँ पुस्ता तयार छैनन् ।" उनलाई मात्रै होइन रैनादेवी छहराका विष्णु पोखरेललाई पनि परम्परागत जनै बाट्ने र लगाउने संस्कृति लोप हुन लागेकामा चिन्ता छ । "यसको महत्व हराउँदै गएको भन्दा पनि निरन्तरता दिन नसक्नु चुनौती हो", उनले भने । जनै बाट्ने संस्कृतिको पुस्ता हस्तान्तरण हुन आवश्यक रहेकामा पोखरेलले जोड दिए । जनैको महत्व पछिल्लो समय युवापुस्ताले नबुझ्दा परम्परा र संस्कृति सङ्कटमा पर्ने यहाँका ज्येष्ठ नागरिकको चिन्ता छ । पुरानो पुस्ताले जनै बनाएर परम्पराको संरक्षण गर्दै आए पनि नयाँपुस्ताले यसतर्फ चासो नदेखाउँदा संस्कृति हराउँदै जान थालेको पोखरेलले बताए । पुराना पुस्ता असशक्त (वृद्ध) हुँदै जानु र



नयाँपुस्ताले जनै बाट्ने कलातर्फ ध्यान नदिएकाले बाहिरबाट आउने जनैले सहजै बजार पाउने गरेको उनको भनाइ छ । हरेक वर्ष जनैपूर्णिमामा विदेशी मुलुकबाट करोडौं रुपैयाँको जनै आयात हुने गरेको छ । गाउँगाउँमा जनै बनाउने प्रचलन कम हुँदै गएपछि बजारमा खरिद गरी प्रयोग गर्ने क्रम बढेको स्थानीय बताउँछन् । चीनबाट मात्रै हरेक वर्ष करिब रु ५० लाखको जनै आयात हुने गरेको तानसेनका पूजाका सामग्री व्यापारी महेन्द्र अधिकारीले बताए । विशेषगरी, जनैपूर्णिमाका दिन फेर्ने जनैको बजार अत्यधिक माग रहेको जनाउँदै उनले जनै बनाउने प्रचलन कम हुँदै गएकाले बाह्रय उत्पादनको भर पर्नुपर्ने अवस्था आएको धारणा राखे । नयाँ जनै फेर्नुपर्ने हिन्दू संस्कारमा रहिआएको मान्यताअनुसार पूर्णिमाको दिन जनैको कारोबार बढी हुने गरेको अधिकारीले बताए । जनै पूर्णिमाका लागि बजारबाट उपकरणद्वारा बाटिएका जनै खरिद गरेर लगाउने प्रचलन बढेको उनको भनाइ छ । भारतबाट आउने जनै सस्तो हुन्छ, तर त्यसको बनावट राम्रो र उपयुक्त नहुने भए पनि माग बढिरहेको व्यापारी अधिकारीले उल्लेख गरे । उनले भने, "जहाँ गए पनि बजारमा त्यही बाहिरबाट आएको जनै बिक्री गर्न राखेका हुन्छन्, त्यही बेच्नु र उपभोक्ताले किनेर लगाउनु बाध्यता हो ।" बजारमा आयातित र विभिन्न उपकरणको प्रयोगबाट बनाइएका जनै फरकफरक मूल्यमा पाइने उनले जानकारी दिए । जनै घरमा तयार पार्ने प्रचलन हराउँदै गएपछि बाह्रय उत्पादनको भर पर्नुपर्ने अवस्था आएको तानसेनका पण्डित मधु आचार्यले बताए । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## गाईजात्रा : शोक र उल्लासको संगम

एक वर्षभरि दिवङ्गत भएका आफन्तको सम्झना तथा उनीहरूको आत्मशान्तिका लागि हरेक वर्षको भाद्र कृष्ण प्रतिपदादेखि कृष्ण जन्माष्टमीसम्म गाईजात्रा पर्व मनाइने गरिन्छ । नेवार समुदायका मृतकका परिवारहरू गाईजात्रा निकाल्ने गर्दछन् । दिवंगत भएका आफन्तको नाममा गाईको अनुहार र गणेशको चित्र अंकित गाई बनाएर सहर परिक्रमा गर्ने चलन छ । यसो गर्दा मृत व्यक्तिको आत्माले यमलोक जाँदा बाटोमा पर्ने वैतरणी नदी सजिलै तर्छन् र मोक्ष मिल्छ भन्ने धार्मिक विश्वास छ । शहरमा गाई पाल्नेहरूले भने गाईलाई सिंगारेर नगर परिक्रमा गराउने गर्छन् भने केहीले जोगीको भेष धारण गरी रंगीबिरंगी कपडा, मुखुण्डो तथा लामो जामा र पटुका लगाएर सांस्कृतिक बाजागाजासहित नगर परिक्रमा गर्ने चलन छ । नगर परिक्रमा गर्दा दिवंगत आफन्तको सम्झनामा विभिन्न भोजन गराइन्छ ।

नेवार भाषामा 'सापारु' भनिने यो पर्वको प्रारम्भिक कथा राजा प्रताप मल्लसँग जोडिएर आउँछ । पुत्र-शोकमा डुबेकी रानीलाई सान्त्वना दिन उनले आफ्नो राज्यमा रहेका मृतकका परिवारलाई नगरमा यात्रा आउन आग्रह गरे भन्ने कथा छ । यसो भए पनि गाईजात्राको इतिहास प्रताप मल्लभन्दा धेरै पुरानो रहेको इतिहासविद्ले दाबी गर्दै आएका छन् । गाइजात्राका दिन सडक नै व्यंग्यको खुलामञ्च बन्ने गर्दछ । असमानता, भ्रष्टाचार, अन्याय सबैलाई मजाकको पर्खालमा टाँसिन्छ । गाईजात्रा केवल दृश्य-श्रव्य उत्सव होइन, यो सांस्कृतिकको ऐना हो । यसमा मानिसका पीडा, हाँसो, सामूहिक स्मृति र बाँच्ने दृढता अटेका हुन्छन् । गाईजात्राले हामीलाई सम्झाउँछ जीवन एक क्षणभंगुर फूल हो, जुन आज फुल्छ, भोलि मर्छ । त्यो फूलको सुगन्ध स्मृतिको बगैंचामा सधैं रहिरहन्छ । मृत्यु अपरिहार्य छ तर स्मृति र मुस्कान अमर छन् । आँसुका थोपा र हाँसोका छालहरू एउटै नदीमा बगिरहेको देख्दा, लाग्छ- हामीले जीवनलाई यस्तै बाँच्नुपर्छ । शोकलाई सम्मानका साथ र हाँसोलाई निर्भीक हृदयका साथ । गाईजात्रा त्यसैको प्रतिक हो – जहाँ मृत्यु पनि जीवनको उत्सवमा घुलमिल हुन्छ र जीवन मृत्युको सत्यसँग हाँस्दै अगाडि बढ्छ ।

### Opinion @ Social Network

कसैलाई सोधेर कहाँ प्रकृतिमा पतझर आएको हो
जन्म पश्चात् मृत्यु प्रश्न बिना नै उत्तर आएको हो ।
*(माया गाहाको फेसबुक स्टाटसबाट www.facebook.com/Maya.Gaha)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# किन अलोकप्रिय निर्णय गर्दछन् सरकार र राजनीतिक नेतृत्व ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

राजनीतिक नेतृत्व र सरकार सञ्चालकले जनताको अपेक्षा र देशको आवश्यकता भन्दा विपरीत निर्णय र कदम सञ्चालनका श्रृखला विगतदेखि वर्तमानसम्म निरन्तर चलिरहेकै देखिन्छ । विगतमा गरिएका राष्ट्रघाती र असमान समझौतादेखि जनताको साशन व्यवस्था गणतन्त्र सम्मका सरकारहरुले यो प्रवृत्तिलाई बढाउदै लगेको देखिन्छ । विधिको साशनको उपहास गर्दै गरिने यस्ता निर्णयले स्वेच्छाचारी प्रवृत्तीलाई बढाउदै लगेको कुरामा दुईमत रहदैन् । पछिल्लो समय राजनीतिक नेतृत्वले सरकारमा रहँदा आम जनतामा अलोकप्रिय हुने र पार्टी नेतृत्वमा रहँदा आम कार्यकर्ताको आस्था माथि प्रश्न उठ्ने गरि अलोकप्रिय निर्णय गरेको देखिन्छ । लोकतान्त्रिक पद्धतीबाट मतदाताको मन जितेर नेतृत्वमा पुगेका राजनीतिक नेतृत्वले गर्ने यस्ता किसिमका निर्णयले स्वय आफू र आफ्नो दललाई अलोकप्रिय र आलोचित बनाउन सहयोग पुऱ्याएको देखिन्छ । आम जनतालाई मन नपर्ने निर्णय किन गर्दछन् सरकार सञ्चालक ? कहाँबाट सञ्चालित छन् हाम्रा राजानीतिक नेतृत्व र सरकार सञ्चालक ? गर्नु पर्ने काम नगर्ने नगर्दा पनि हुने निर्णय गर्न किन तम्सिन्छन् राजनीतिक नेतृत्व ? यी नै विभिन्न सवाल र यसैसँग सम्वन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ । बहुसंख्यक नागरिकले मन नपराउने गरि गरिने निर्णय अलोकप्रिय निर्णय हुन् । यस्ता निर्णय आलोचना र चौतर्फि विरोध योग्य हुने गर्दछन् । विना अध्ययन र योजना विना गरिने यस्ता निर्णयहरुबाट समस्या श्रृजित हुने गर्दछन् । सुशासन र विधिको साशनको सबै भन्दा बढी भजन गाउने र आफुलाई सबै भन्दा लोकतान्त्रिक प्रमाणित गर्न खोज्ने राजनीतिक दलबाट नै यस्ता अलोकप्रिय निर्णय गरेको विगत र वर्तमान देखिन्छ । राणाकालीन समय, पञ्चायती साशन व्यवस्थाको झल्को दिने गरि गरिने यस्ता निर्णय र कदम पार्टी र सरकार सञ्चालनमा छरपष्ट देखिन्छ । यसले लोकतन्त्रको उपहास गरेको देखिन्छ । देश र आम नागरिकको लागि भन्दा पनि देश तथा देश काहिरका स्वार्थ समूहको उद्देश्य परिपूर्तिका लागि यस्ता निर्णयहरु केन्द्रीत हुने विभिन्न बहसहरुमा विज्ञ विश्लेष्कहरुको भनाई रहेको छ । आफु र आफ्ना सिमित वर्गको हितका लागि निर्णय गर्ने, नीति नियमहरु बनाउने, संशोधन गर्ने श्रृखंला गणतन्त्रमा तिव्ररुपमा भएको देखिन्छ । चौतर्फि विरोध होस्, आलोचना होस्, अलोकप्रिय भइयोस् तर यो कदमबाट पछि हट्ने वा सुध्रने नेतृत्वमा कुनै झल्को र सम्भावना पनि देखिदैन् ।

*लोकतान्त्रिक पद्धतीबाट मतदाताको मन जितेर नेतृत्वमा पुगेका राजनीतिक नेतृत्वले गर्ने यस्ता किसिमका निर्णयले स्वय आफू र आफ्नो दललाई अलोकप्रिय र आलोचित बनाउन सहयोग पुऱ्याएको देखिन्छ । आम जनतालाई मन नपर्ने निर्णय किन गर्दछन् सरकार सञ्चालक ? कहाँबाट सञ्चालित छन् हाम्रा राजानीतिक नेतृत्व र सरकार सञ्चालक ? गर्नु पर्ने काम नगर्ने नगर्दा पनि हुने निर्णय गर्न किन तम्सिन्छन् राजनीतिक नेतृत्व ? यी नै विभिन्न सवाल र यसैसँग सम्वन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ । बहुसंख्यक नागरिकले मन नपराउने गरि गरिने निर्णय अलोकप्रिय निर्णय हुन् । यस्ता निर्णय आलोचना र चौतर्फि विरोध योग्य हुने गर्दछन् । विना अध्ययन र योजना विना गरिने यस्ता निर्णयहरुबाट समस्या श्रृजित हुने गर्दछन् । सुशासन र विधिको साशनको सबै भन्दा बढी भजन गाउने र आफुलाई सबै भन्दा लोकतान्त्रिक प्रमाणित गर्न खोज्ने राजनीतिक दलबाट नै यस्ता अलोकप्रिय निर्णय गरेको विगत र वर्तमान देखिन्छ । राणाकालीन समय, पञ्चायती साशन व्यवस्थाको झल्को दिने गरि गरिने यस्ता निर्णय र कदम पार्टी र सरकार सञ्चालनमा छरपष्ट देखिन्छ ।*

**सरकार र राजनीतिक नेतृत्वका आलोचित पक्षहरु :** कौवाले कान लग्यो भन्दैमा कान नछामि कौवाको पछि लाग्ने हामी पछिल्लो समय सरकारले छलफलमा ल्याएको बहुविवाह सम्बन्धी कानुन आउन नपाउदै यसको विभिन्न कोणबाट आलोचना र बिरोध गर्न तम्सियौ भने उठाउ नै नपर्ने विषय बस्तु उठान गरेकोमा सरकारले विना कारण आलोचना खेप्नु पर्यो । यस सम्वन्धि तथ्यहिन होहल्ला फिजाईयो बुझि नबुझि अनुमानका भरमा यस सम्बन्धी वृत्तमा वहस सञ्चालन गरियो । सरकार र सरकारका मन्त्रीहरु आमजनताबाट आलोचनाको विषयवस्तु बन्न पुगे । यो एउटा उदाहरण मात्रै हो । दुई छाक खानका लागि संघर्ष गरेका आम मतदाताको मतबाट निर्वाचित भएका सासदहरुलाई संघीय संसद परिसरको क्यान्टीनको खाजा नमिठो हुनु र फाईप स्टारको खाजा खान पाउनु पर्ने आवाज उठनु अर्को मतदाताको मन दु:खने आलोचित हुने विषय बनेको देखिन्छ । यसबाट राजनीति गर्ने नेतृत्वले देशको भूगोल ,ती भोका नाग्गा खाली खुट्टा उकाली ओराली गरेका, दुई छाकका लागि गरेको संघर्ष, कष्टकर दैनीकी विताएका जनता लाई नबुझ्केको देखिन्छ । यस्तै पछिल्लो समय गरिएको अर्को अलोकप्रिय निर्णय प्रधानमन्त्री र मन्त्रीहरुले आफ्नो सेवा सुविधा आफै तोक्ने कानुन बनाउनु रहेको छ । यो राणा साशन र पञ्चायती साशनको झल्को दिने निर्णय हो । हुँदै नभएको सुत्केरी भत्ता खान तम्सीने, आजीवन पेन्सन खाने नियम बनाउन तम्सीने हाम्रा सासदहरुलाई यो विषय वस्तुले खासै महत्व नराखेता पनि आमवृत्तमा भने यसले ठूलो आलोचना श्रृजित गरेको देखिन्छ । बाँकी कार्यकाल २/३ महिना मात्रै रहेका कुलमान घिसिङलाई रातारात विद्युत प्राधिकरणको निर्देशकबाट हटाउने निर्णयले सरकार र सरकार सञ्चालक राजनीतिक दललाई दीर्घकालिन असर पर्ने देखिन्छ । यसको चौतर्फि विरोध र आलोचना पनि भएको देखिन्छ । जघन्य अपराधमा संलग्न अपराधी, गुण्डालाई राष्ट्रपतिबाट आममाफिका नाममा सजाय मुक्त गराउनु गणतान्त्रिक सरकारको सबै भन्दा ठूलो आलोचनाको विषय बनेको देखिन्छ । यस बाहेक अदालत, सुरक्षा निकाय, केहि संवैधानिक अंगलाई आफु अनुकुल काम गर्न लगाउनु अर्को विकृत रुप देखिन्छ ।

राष्ट्रको पहिचान नागरिकता बाडफाँडमा फितलो व्यवस्था गर्नु ,नागरिकता सम्बन्धी राष्ट्रघाती विधेक पारित गर्न तम्सिनु । नयाँ नक्सा जारी गरेता पनि फितलो कुटनीति शैलीका कारण नक्सामा जारी भू-भाग फिर्ता ल्याउन नसक्नु यसलाई चुनाव लड्ने र जनताबाट सहानुभूती लिने विषय बस्तुमा सिमित गराउनु, देशमा अप्ठ्यारो र जटील अबस्था आउदा नैतिकता र राष्ट्रिय एकता देखाउन नसक्नु, विगतमा भूकम्प, कोरना, बाढी पहिरो जस्ता विपत्तमा जनताको सेवामा खटिनु पर्ने राजनीतिक दल आरोपप्रत्यारोपमा, सरकारका मन्त्री तथा आसेपासेहरु भ्रष्टाचार र वेथितीमा लागेका काण्डहरु उत्पन्न हुनु ।

प्रदेश तथा स्थानीय तहको सिमाङ्कन देश र जनताको हित भन्दा पनि राजनीतिक स्वार्थमा केन्द्रीत भएर निर्णय गरिनु आलोचनाका विषय बन्न पुगेको देखिन्छ । रेमिटान्समा रमाउने सरकारले विदेशमा अप्ठयारोमा परेका नागरिक, मृत्यु भएका नागरिकका लागि अभिभावकको भूमिका निर्वाह गरी देशमा ल्याउने व्यवहार नदेखाउनु । आवश्यकता र औचित्यका आधारमा नभएर केहि सिमित वर्गलाई लाभ हुने गरि वजेट बनाउनु आलोचित पक्ष हो । सत्ताको लागि नैतिकता गुमाउँदै निलर्ज व्यवहार देखाउनु राजनीतिक दलका नेतृत्व र सरकार सञ्चालकको आलोचनायुक्त कदमहरु हुन ।

**निष्कर्ष :** राजनीतिक नेतृत्व र सरकार सञ्चालक देश र आम जनताका अभिभावक हुन् तर पछिल्लो समय यी पक्षहरुबाट गरिने निर्णय र चालिने कदमहरुले आम जनताको आशा, आस्था र भरोसामा क्रमश: ह्रास हुँदै गएको देखिन्छ । आम जनताको भरोसा टुट्ने गरि गरिने राष्ट्रघाती र जनताघाती निर्णयहरुबाट सरकार र दलहरु आलोचित हुने गर्दछन् । यस्ता निर्णय घटनुको सट्टा दिन प्रति दिन बढ्दै गएको देखिन्छ । प्रजातान्त्रिक पद्तीबाट पाटी र सरकार सञ्चालन गर्ने उद्देश्य बनाएका राजनीतिक दलले आफूलाई सच्याउन जरुरी देखिन्छ । देश भित्र र देश बाहिरका, पाटी भित्र सिमित गुटका सल्लाह लिने र तिनैको स्वार्थ गरिने निर्णय अलोकप्रिय र आलोचित निर्णय बन्ने भएकोले यस कदमलाई सुधार गर्दै जनता र देश केन्द्रीत बनाउन सकेमा दिन प्रति दिन राजनीतिक दल र सरकार सञ्चालक प्रतिको बढ्दै गएको अलोकप्रियतालाई कम गर्न सकिने देखिन्छ । ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रचनात्मक कार्यमा जुड्ने समय रहेको छ। आम्दानीको नयाँ अवसर प्राप्त हुनेछ। | **तुला** : रमाइलो यात्राका योग छन्। अध्ययनमा राम्रो प्रगति हुने समय रहेको छ। |
| **वृष** : व्यवसायमा राम्रो लाभ रहनेछ। पुरानो कमी कमजोरीलाई सुधार्ने अवसर मिल्नेछ। | **वृश्चिक** : आत्माबलमा कमी आउनेछ। अर्थ अभावले योजना रोकिन सक्लान्। |
| **मिथुन** : बुद्धिको उपयोगले सजिलो बनाउन सकिनेछ। नयाँ योजनातर्फ अग्रसर भइनेछ। | **धनु** : प्रतिस्पर्धीहरूलाई पनि पछि पार्न सकिनेछ। मेहनतले सफलता दिलाउनेछ। |
| **कर्कट** : आफन्तहरूबाट सोचेजस्तो सहयोग नमिल्ला। विदेशतिरबाट शुभ सूचना मिल्नेछ। | **मकर** : प्रतिस्पर्धीहरूबाट पनि सहयोग मिल्नेछ। मित्रता र प्रेमको सम्बन्ध कसिनेछ। |
| **सिंह** : नयाँ उपलब्धिले जोश र जागर बढ्नेछ। कार्य रोकिने भयले मन चिन्तित रहनेछ। | **कुम्भ** : परिश्रमको उचित मूल्यांकन नहोला। खर्चिलो कामले अर्थ अभाव निम्त्याउनेछ। |
| **कन्या** : परीक्षामा राम्रो सफलता मिल्नेछ। व्यापार व्यवसायमा पारदर्शिता राख्नुहोला। | **मीन** : खर्चिलो कामले अर्थ अभाव निम्त्याउनेछ। खानपानमा सजगता अपनाउनुहोस्। |

# शिक्षा

## माग सम्बोधन नभए आन्दोलन गर्ने प्याब्सनको चेतावनी




निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) ले निजी विद्यालयहरूलाई क्रमश: गैरनाफामूलक बनाइने वाक्यांश विद्यालय शिक्षा विधेयकबाट हटाउन माग गरेका छन् । काठमाडौँमा आइतबार पत्रकार सम्मेलन गर्दै उनीहरूले यस्तो माग गरेका हुन् । उनीहरूले पूर्ण छात्रवृत्ति भन्ने शब्द विधेयकबाट हटाइनुपर्ने बताएका छन् । हाल अभ्यासमा रहेको जम्मा विद्यार्थी सङ्ख्याको १० प्रतिशत छात्रवृत्ति दिने प्रावधानलाई निरन्तरता दिइनुपर्ने उनीहरूको माग छ । छात्रवृत्ति अन्तर्गत भर्ना शुल्क, वार्षिक शुल्क र मासिक पढाइ शुल्क कायम हुनुपर्ने प्याब्सनले माग गरेको छ । पत्रकार सम्मेलनमा बोल्दै प्याब्सन केन्द्रीय कार्यसमिति महासचिव आरबी कटुवालले साउन २८ गतेभित्र आफूहरूका मागहरू सम्बोधन गरी विधेयकमा संशोधन नगरे आगामी साउन २९ गतेदेखि आन्दोलन गर्ने चेतावनी दिए । अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन कार्यान्वयनमा निजी क्षेत्र वाधक रहेको बुझाई हो भने निजी विद्यालयहरूलाई राष्ट्रियकरण गरी राज्यको मातहतमा लिने वा सबै विद्यार्थीलाई भौचर दिएर विद्यालय छान्ने अवसर निर्माण गर्नुको विकल्प नरहेको उनले बताए । विधेयकमा निजी लगानीमा सञ्चालित विद्यालयहरूलाई क्रमश: गैरनाफामुलक बनाउँदै लैजाने प्रावधान, २०५८ सालमा सरकारले कम्पनी कानुन बमोजिम सञ्चालन गर्न दिने गरी गरेको कानुनी व्यवस्था विपरीत रहेको बताए । प्रस्तुत विधेयकमा पूर्ण छात्रवृत्ति शिक्षण शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक तथा शैक्षिक सामग्री, पोसाक, यातायात लगायत उपलब्ध गराउनुपर्ने भन्ने विषय कम्पनी कानुनको भावना र मर्म विपरीत रहेको प्याब्सनको ठहर छ । राज्यको दायित्वभित्र पर्ने विषयलाई विषयान्तर गरी भ्रमपूर्ण ढङ्गले सार्वजनिक खपतका लागि कुनै संस्था वा समुदाय विशेषले राज्यले गर्न नसकेको काम गराउनलाई कानुनी व्यवस्था गरिनु अव्यवहारिक, लगानी प्रतिकुल, पूर्वाग्रहले भरिपूर्ण र समग्र क्षेत्रलाई समूल नष्ट गर्ने उद्देश्यबाट लक्षित रहेको आरोप समेत प्याब्सनले लगाएको छ । लगानीमैत्री शिक्षा नीति हुन नसक्ने कानुन आउनु देशलाई विकासक्रमबाट पछि धकेल्नु र लगानीकर्तालाई हतोत्साहित बनाउनु रहेको प्याब्सनको बुझाइ रहेको बताए । एउटा लोकतान्त्रिक व्यवस्था अवलम्बन गरिरहेको राज्यको कानुन निर्माण गर्ने व्यक्तिहरूबाट संविधानको सम्पूर्ण कार्यान्वयन निजी क्षेत्रले गर्ने हो भन्ने ढङ्गको गलत भाष्य निर्माण गरी, राज्यले गर्न नसक्ने काम निजी क्षेत्रबाट प्रवाह गराउन खोज्नु अव्यवहारिक र राज्यलाई अनुत्तरदायी बनाउने प्रयास रहेको बताए ।

*-रातोपाटी डटकम*

## रित्तिँदै गाउँका विद्यालय, शिक्षकलाई राजनीतिक संरक्षण



बढ्दो बसाइँसराइ र गुणस्तरीय शिक्षाको खोजीमा गाउँहरू रित्तिँदै जाँदा पर्वतमा ३१ वटा सामुदायिक विद्यालयमा विद्यार्थीविहीन भएका छन् । जिल्लाका सातवटै पालिकामा रहेका ३१ सामुदायिक विद्यालय विद्यार्थीविहीन बनेका हुन् । शून्य विद्यार्थी हुने अधिकांश विद्यालय आधारभूत र प्राथमिक तहका छन् । लामो समयदेखि विद्यार्थी सङ्ख्या शून्य भइसक्दा पनि विद्यालयहरू समायोजन गर्ने प्रक्रिया समेत थालिएको छैन । जिल्लाका सात स्थानीय तहमा २७२ सामुदायिक विद्यालय रहेका छन् । विद्यार्थी शून्य हुनेमा एक माध्यमिक तहको विद्यालय समेत रहेको छ । जिल्ला शिक्षा समन्वय एकाइ पर्वतले दिएको जानकारीअनुसार विहादी गाउँ पालिकामा दुई सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या शून्य रहेको छ ।

मोदी गाउँपालिकामा नौ विद्यालयमा विद्यार्थी सङ्ख्या शून्य भएको छ । यसैगरी फलेवास नगर पालिकामा छ वटा सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या शून्य पुगेको हो भने कुश्मा नगर पालिकामा विद्यार्थी सङ्ख्या शून्य भएका आठ सामुदायिक विद्यालय रहेका एकाइले जानकारी दिएको छ । यस्तै जलजला गाउँ पालिकामा चार सामुदायिक विद्यालयमा विद्यार्थी शून्य रहेका छन्भने दक्षिण पर्वतको पैयूँ गाउँपालिकाका दुई सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या शून्य रहेको जिल्ला शिक्षा समन्वय एकाइ पर्वतका प्रमुख मतिलाल चपाईले जानकारी दिए । उनका अनुसार फलेवास नगरपालिका-५ मा रहेको ध्रुव नमुना माध्यमिक विद्यालयसहित ३१ सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या शून्य रहेको भए पनि स्थानीय तहहरूले समायोजन गर्ने वा शिक्षकलाई विद्यार्थी भएको विद्यालयमा खटाउने काम नगरेको बताए । शून्य विद्यार्थी सङ्ख्या हुँदा पनि सञ्चालनमै रहने विद्यालयहरूमा कुश्मा नगरपालिकाभित्रकमा हर्राचौर प्रावि, जनजागृति प्रावि, जनकल्याण प्रावि, मराङसिंह प्रावि, सहिद शुक्र प्रावि ठुलीपोखरी, धौलागिरि प्रावि, जनता प्रावि छन् । जलजला गाउँपालिकामा शून्य विद्यार्थी हुने विद्यालयमा जनचेतना प्रावि शालिजा, सर्वोदय आधारभूत विद्यालय शालिजा, स्वस्वती आधारभूत विद्यालय धाइरीड हुन् । यसैगरी फलेवास नगरपालिकामा शून्य विद्यार्थी हुनेमा श्री वाल प्रावि, ध्रुव नमूना मावि, सूर्योदय प्रावि, जनता प्रावि लिमिठाना, तीनधारे प्रावि, मनकामना प्रावि, बेतेयानी प्रावि, देउराली प्रावि र भवानी प्रावि छन् । दक्षिण पर्वतको पैंयू गाउँपालिकामा शून्य विद्यार्थी हुनेमा बालनयन प्रावि, वालज्योति प्रावि हुन् । मोदी गाउँपालिकामा शून्य विद्यार्थी हुनेमा सिद्ध आधारभूत विद्यालय, कृष्ण आधारभूत विद्यालय, जनप्रकाश आधारभूत विद्यालय, हरि आधारभूत विदालय, सरस्वती आधारभूत विद्यालय, वालकल्याण प्राथमिक विद्यालय, भूमे आधारभूत विद्यालय, लक्ष्मी आधारभूत विद्यालय, दुर्गाभवानी आधारभूत विद्यालय र सिद्धबराह आधारभूत विद्यालय छन् । यता विहादी गाउँपालिकामा जनसेवा प्रावि वहाकीठाँटी र वालज्योती प्रावि रानीपानीमा विद्यार्थी सङ्ख्या शून्य रहेको जिल्ला शिक्षा समन्वय एकाइ पर्वतले जनाएको छ । यसरी विद्यार्थी नै नभएका विद्यालयको सङ्ख्या ३१ पुगिसक्दा पनि पर्वतका स्थानीय सरकारहरूले विद्यालय समायोजन गराउन कुनै चासो नदिएको फलेवासका स्थानीय धर्म पौडेलले बताए । शिक्षकलाई विद्यार्थी नै नभएका विद्यालयमा राखेर तलब सुविधा दिलाउने गरिएको छ । राज्यको बजेटको दुरूपयोग हुने भए पनि बाध्यतामा परेर शिक्षकहरू राखनुपरेको फलेवास नगरपालिका-२ थापाठानाका वडाध्यक्ष गङ्गानारायण श्रेष्ठले बताए । अहिले विद्यार्थी नभए पनि आगामी दिनमा विद्यार्थी आउन सक्ने भन्दै विद्यालयलाई समायोजना नगरिएको बुझिएको उनको भनाइ छ । शिक्षकहरूलाई सरुवा गर्नुको सट्टा रित्ता विद्यालय रुंगाएर जनप्रतिनिधिले राजनीतिक संरक्षण गरिरहेको पाइएको छ । करार, राहत शिक्षक र कार्यलय सहयोगीको रोजगारी जाने भएका कारण पनि कतिपय विद्यालय समायोजन नगरिएको कतिपय जनप्रतिनिधिले नै बताउने गरेका छन् ।

*-रासस*

## यसकारण संकटमा छ नेपालको प्राविधिक शिक्षा

**खगेन्द्र अधिकारी**

पछिल्ला केही वर्षदेखि नेपाली नागरिकले 'सुखी नेपाली, समृद्ध नेपाल' को नारा निरन्तर सुनिरहेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरू नेपाल सरकारले तय गरेको यो राष्ट्रिय आकांक्षा पूर्ति गर्ने प्रमुख साधन हुन् । साधारण शिक्षाले बढ्दो बेरोजगारी मात्र सिर्जना गरेको परिप्रेक्ष्यमा प्राविधिक तथा व्यावसायिक दक्षता आर्जन हुने शिक्षा अनिवार्य बनिसकेको छ । यद्यपि, ७० प्रतिशत विद्यार्थीको पहुँचमा प्राविधिक शिक्षा र ३० प्रतिशत विद्यार्थीको पहुँचमा साधारण शिक्षालाई कायम गर्ने नीति तय गरिएको पनि लामो समय बितिसकेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले त्यस्तो नीति तय गरेको थियो । यसक्रममा शिक्षालाई प्राविधिक शिक्षा र व्यावसायिक तालिमका रूपमा परिभाषित गरियो ।

**प्राविधिक शिक्षा :** प्राविधिक शिक्षा र व्यावसायिक तालिम झट्ट सुन्दा उस्तै-उस्तै लाग्दछ किनभने दुवै सीपमा आधारित सिकाइ प्रणाली हुन् । प्राविधिक शिक्षाले सीप भन्दा ज्ञानलाई प्राथमिकतामा राख्दछ । यस शिक्षाले कुनै विषयमा त्यसको सैद्धान्तिक ज्ञान र त्यसको सीपबाट आर्जन गरेको ज्ञानलाई सँगसँगै अगाडि लैजान्छ । यसमा उच्च तहसम्म अध्ययन गर्ने अवसर प्राप्त हुन्छ । यस शिक्षामा अध्ययन अवधि एक तहमा बढीमा चार वर्षसम्मको हुन्छ र यो शिक्षा विश्वविद्यालय वा प्राविधिक शिक्षालयहरूबाट प्रदान गरिन्छ । यस शिक्षाले मध्यमस्तरीयदेखि उच्चस्तरीय दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दछ- जस्तैह इञ्जिनियर, नर्स, फर्मासिष्ट आदि ।

**व्यावसायिक तालिम :** व्यवसायिक तालिमले उद्योग वा बजारले माग गरे बमोजिमका सैद्धान्तिक ज्ञान कमी भए पनि हातमा सीप भएका जनशक्ति उत्पादन गर्दछ । यो तालिमको अवधि केही सातादेखि दुई वर्षसम्मको हुन्छ र यसलाई व्यावसायिक स्कूल, सामुदायिक स्कूल र उद्योगमा अप्रेन्टिसिप कार्यक्रमबाट प्रदान गरिन्छ । यस तालिमले तत्काल उद्योग वा बजारमा काम पाउने गरेर व्यक्तिलाई सीप प्रदान गर्दछ । जस्तै- प्लम्बर, सिकर्मी, डकर्मी, स्वास्थ्य सहायक, सेफ, वेटर आदि । यसरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमले विद्यार्थीलाई रोजगारी प्राप्त गर्ने सीप सिकाउँदछ । प्राविधिक शिक्षा अलि फराकिलो क्षेत्र सहित उच्च तहसम्म हुन्छ भने व्यावसायिक तालिमले कार्य क्षेत्रमा चाहिने सीपमा आधारित तालिम मात्र प्रदान गर्दछ । उल्लिखित प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्यक्रमहरू सञ्चालन गर्ने राज्यको एक मात्र उपल्लो संस्था प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् हो । देशमा मध्यस्तरीय र आधारभूत तहका प्राविधिक जनशक्ति उत्पादन गर्ने जिम्मेवारी पूरा गर्दै आएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) २०७५ सालदेखि नीतिगत झमेलामा फसेको छ । आफ्नै परिषद् ऐन, २०४५ बमोजिम स्वायत्त रूपमा देशमा दक्ष प्राविधिक जनशक्ति उत्पादनमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आइरहेको संस्था (सीटीईभीटी) आन्तरिक र बाह्य समस्याहरूले करिब करिब विघटन हुने अवस्थामा पुगेको छ । चिकित्सा शिक्षा ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४, हाल संसद्को शिक्षा स्वास्थ्य र सूचनाप्रविधि समितिमा छलफल भइरहेको विद्यालय शिक्षा ऐनमा एसएलसी/एसईई परीक्षा सम्बन्धी गर्न लागिएको प्रबन्ध, आर्थिक वर्ष २०८२/८३ को जेठ १५ गते संसद्को संयुक्त बैठकमा प्रस्तुत बजेट भाषणबाट एसएलसी/एसईई अब उप्रान्त प्रदेश सरकाले सञ्चालन गर्ने र कक्षा १२ को परीक्षा मात्र संघीय सरकार वा राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन गर्ने भन्ने व्यवस्था आदि कारणले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का आंगिक शिक्षालयहरू, साझेदारीमा सञ्चालित शिक्षालयहरू, प्राविधिक कार्यक्रम सञ्चालन गर्ने स्कूलहरू र निजी शिक्षालयहरूमा प्राविधिक शिक्षा अध्ययन गर्न विद्यार्थीहरू एसएलसी/एसईई परीक्षा उत्तीर्ण गरेपछि आउने कानूनी व्यवस्था छ । तर, अब उप्रान्त एसईई परीक्षा प्रदेश सरकारले सञ्चालन गर्दा ७ वटै प्रदेशमा अलग-अलग समयमा परीक्षा सञ्चालन हुनसक्ने हुँदा प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थी देशभर एकै समयमा देशको जुनसुकै प्रदेशमा जान पाउने र शिक्षालयमा विद्यार्थी भर्ना हुन पाउने अवस्था बदलिने निश्चित छ । देशभर एकैपटक एसईई परीक्षा सञ्चालन गरी एकै पटक परीक्षाफल प्रकाशन गर्दा करिब चार लाख परीक्षा उत्तीर्ण विद्यार्थी मध्येबाट प्राविधिक शिक्षा अध्यापन गराउने शिक्षालयहरूमा विद्यार्थी भर्ना प्रक्रियामा समावेश हुन्छन् । तर, हाल आएर यति धेरै विद्यार्थी परीक्षा उत्तीर्ण भएर पनि प्राविधिक शिक्षा अध्ययन गर्न प्राविधिक शिक्षालयमा ज्यादै न्यून मात्रामा विद्यार्थी आउने अवस्था सृजना भएको छ । यस्तो अवस्थामा एसईई परीक्षा ७ प्रदेशमा अलग-अलग समयमा हुने र ती विद्यार्थी सोही स्कूलमा कक्षा १२ सम्म अध्ययन गर्न चाहने अवस्थामा देशभरका प्राविधिक शिक्षालयहरू विद्यार्थी नपाएर स्वत: बन्द हुँदै जाने अवस्था सृजना हुनेछ । यसबाट अर्बौंको लगानी, लाखौं व्यक्तिको रोजगारी, वार्षिक करिब ७५ हजार विद्यार्थी प्राविधिक शिक्षा अध्ययन गर्नबाट वञ्चित, राज्यलाई करोडौं राजस्व बन्द हुने लगायत अनेकौं समस्या सृजना हुनेछन् । यस्तै, राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ कार्यान्वयनमा आएपछि खास गरेर स्वास्थ्य सम्बन्धी प्राविधिक जनशक्ति उत्पादनमा संकट पैदा भएको छ । चिकित्सा शिक्षा आयोगले चिकित्सा शिक्षाका उच्चस्तरीय प्राविधिक जनशक्ति (डाक्टरहरू) उत्पादनमा नियमन, अनुगमन गरी गुणस्तरीयता कायम गर्न उल्लेखनीय कार्य गर्नुपर्ने थियो । तर प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले निर्वाध गुणस्तरीय रूपमा सञ्चालन गरिरहेका शिक्षालयहरू कानूनी अड्चन देखाउँदै बन्द गराइयो । उदाहरणको लागि परिषद्बाट सम्बन्धन, स्वीकृति लिएका र परिषद्का आंगिक शिक्षालयहरू गरेर जम्मा १०९ वटा शिक्षालयमा प्रवीणता प्रमाणपत्र तह नर्सिङ अध्यापन गराउँदै आइरहेका शिक्षालयहरू जबर्जस्त १०० (बेड) को आफ्नै अस्पताल हुनुपर्ने कानूनी व्यवस्था चिकित्सा शिक्षा आयोगको ऐनमा भएको भनी ७८ वटा प्रवीणता प्रमाणपत्र तह नर्सिङ पढाइ भइरहेका शिक्षालयहरू बन्द गराइयो । हाल विद्यार्थीको प्रवीणता प्रमाणपत्र तह नर्सिङ अध्ययन गर्न उत्कट चाहना भए पनि सीमित नर्सिङ अध्यापन गराउने शिक्षालयहरूका कारण देशमा अध्ययन गर्ने अवसर बन्देज भएकाले छिमेकी देश भारततर्फ जान बाध्य छन् । राष्ट्रिय चिकित्सा शिक्षा आयोगको ३० साउन २०७७ को निर्णयानुसार विभिन्न विश्वविद्यालय प्रतिष्ठान र यस अन्तर्गतका शिक्षण संस्थाहरूले सञ्चालन गरिरहेका प्रवीणता प्रमाणपत्र तह नर्सिङका कार्यक्रमहरू शैक्षिक सत्र २०७७/७८ देखि सञ्चालन नगर्ने नगराउने निर्णय भए बमोजिम महाराजगञ्ज नर्सिङ क्याम्पस, काठमाडौं विश्वविद्यालय अन्तर्गत सञ्चालित नसिङ कार्यक्रम त्रिभुवन विश्वविद्यालय अन्तर्गत सञ्चालित नर्सिङ कार्यक्रमहरू बन्द गरिए जसबाट देशमा उत्पादित दक्ष नर्सिङ जनशक्तिको अभाव सिर्जना भएको छ । देशको शिक्षा नीति अहिलेसम्म राजनैतिक दृष्टिकोणले द्विविधाबाट गुज्रन बाध्य छ । शिक्षा ऐन, २०२८ को ४ पटक २०३९, २०४९, २०५८ र २०७२ मा संशोधन भइसकेको छ । तर, लामो समयदेखि केही राजनैतिक दलहरूले भन्ने गरेको जनवादी शिक्षाको विवाद कायमै छ । आजको २१औं शताब्दीको उत्तरार्द्धसम्म आइपुग्दा विश्व अर्थतन्त्रमा आएको परिवर्तनले सृजना गरेको भूमण्डलीकरण, खुल्ला अर्थ व्यवस्था, नवउदारवादी व्यवस्थामा शिक्षामा आएको परिवर्तन हामीले अंगीकार गर्ने कि नगर्ने ? यदि अंगीकार गर्ने हो भने शिक्षा राज्यको एकल दायित्व हो कि निजी क्षेत्रको साझेदारी पनि हो यसबारे राज्यमा अन्योल देखिन्छ । जुन कारण शिक्षा प्रणाली आजसम्म पनि समस्याग्रस्त छ । खुल्ला बजार अर्थ व्यवस्थामा सरकारले बजार र शिक्षालाई सन्तुलन कायम गर्नुपर्ने हुन्छ । शिक्षाले बजारले माग गरेको जनशक्ति उत्पादन गर्ने र राज्यमा आर्थिक विकासको आधार तयार पार्नुपर्दछ । त्यसैगरी, सरकारले निजी र सरकारी शिक्षालाई सन्तुलन कायम गर्दै देशको समृद्धिको आधार तयार पार्नुपर्दछ, नकि शिक्षा असमानताको साधन बन्नुहुँदैन । अर्कोतर्फ, भूमण्डलीकरणले सबैभन्दा बढी प्रभाव पारेको क्षेत्र शिक्षा नै हो । यसले शिक्षालाई अन्तर्राष्ट्रिय स्ट्यान्डर सहित अन्तर्राष्ट्रियकरण गरेको छ । त्यस्तै, शिक्षालाई डिजिटल र अनलाइन सिकाइबाट अन्तर्राष्ट्रिय श्रमशक्ति ( ग्लोबल वर्क फोर्स) तयार पार्नुको साथै निजीकरण र व्यवसायीकरण पनि बढाएको छ । त्यस्तैगरी, नवउदारवाद ( नियोलिवरलिज्म)ले शिक्षा प्रणालीलाई नवउदारवादी आर्थिक सिद्धान्त बमोजिम कार्यान्वयन गर्दछ– जस्तै, बजारीकरण, निजीकरण, प्रतिस्पर्धी, व्यक्तिवादी। तीव्र गतिमा बदलिंदो विश्व अर्थ व्यवस्थामा खासगरी सन्१९८० देखि यो नवउदारवादी व्यवस्था अगाडि आएको हो । यस नवउदारवादी शिक्षा प्रणालीले शिक्षालाई वस्तु (कमोडिटी)को रूपमा ग्रहण गर्दछ र यस नवउदारवादी अर्थ व्यवस्थाले बजारीकरण, निजीकरण, व्यक्तिगत जिम्मेवारी र मानव पूँजीको विकासलाई जोड दिन्छ । त्यस्तैगरी, सामुदायिक लगानीलाई घटाउने र शिक्षालाई भूमण्डलीकृत गर्ने काम गर्दछ । यस प्रणालीका केही नकारात्मक पक्षहरूमा यसले शिक्षामा असमानता र व्यापारीकरणलाई बढावा दिन्छ । अब प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गर्न विद्यार्थीको आवश्यक शैक्षिक योग्यता सन्दर्भमा चर्चा गरौं । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले हालसम्म गरेको व्यवस्था अनुसार प्रवीणता प्रमाणपत्र तह अध्ययन गर्न आउने विद्यार्थीले अनिवार्य एसईई परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने कानूनी व्यवस्था छ । यसै सन्दर्भमा एसईई परीक्षाको पृष्ठभूमि नियाल्दा नेपालमा पहिलो एसएलसी परीक्षा वि.सं. १९३४ (सन् १८७७) देखि दरबार हाईस्कूलमा जम्मा ८ जना विद्यार्थीबाट शुरू गरिएको थियो । त्यसैगरी, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्र अन्तर्गत सञ्चालित माध्यमिक विद्यालयहरूमा प्राविधिक शिक्षा कार्यक्रम अन्तर्गत सञ्चालित प्राविधिक शिक्षाका कार्यक्रमहरू पनि प्राय: असफल अवस्थामा पुगेका छन् । यसर्थ, नेपालको प्राविधिक शिक्षा समस्याग्रस्त अवस्थामा गुज्रँदै आइरहेको यथार्थ हाम्रो सामु छर्लङ्ग छ । उल्लिखित तथ्यहरूका आधारमा भन्न सकिन्छ नेपालको प्राविधिक शिक्षा संकटमा परिसकेको अवस्था छ ।

*-अनलाइन खबर डटकम*

# सिद्धि विनायक गणेशको रथयात्रा सय वर्ष : योगदान गर्नेहरुलाई सम्मान

हाम्रा संवाददाता

**पाल्पा,** साउन २५/पाल्पाको पुरानो र ऐतिहासिक श्रीनगर सिद्धि विनायक गणेशको रथ यात्राले एक सय वर्ष तय गरेको छ । १९८२ भाद्र कृष्ण तृतीयाका दिनदेखि सुरु गरिएको रथ यात्राले एक सय वर्ष तय गरेको हो ।



श्रीनगर सिद्धि विनायक सहयोग समितिले रथयात्रा एक सय वर्ष पुरा गरेको अवसरमा संस्कृति र संरक्षण, जात्रा र मन्दिर निर्माणमा योगदान गर्नेहरुलाई सम्मान गरेको छ । समितिले पूर्खौली पञ्चेबाजा समूह, थिमे बाजा समूह, भजन खल, रथ बोक्दै आएका कुमाल समुदायका युवा, रथ यात्रामा सहयोग नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, जिल्ला प्रशासन कार्यालय, गुठीयार, पाल्पा उद्योग वाणिज्य संघ, नेपाल पत्रकार महासंघ, तानसेन गुठी र मन्दिरको जीर्णोद्धार, संरक्षण तथा सम्भार, अक्षकोष स्थापना, सरसफलाई तथा रथयात्रा सञ्चालनमा सहयोग गर्ने सामाजिक संघ संस्था, व्यक्तिहरुलाई एक औपचारिक कार्यक्रमका बिच सम्मान गरेको हो । कार्यक्रमका प्रमुख अतिथि तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठ, विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदी, गुठीयार तथा नेपाली काँग्रेसका जिल्ला सभापति हिमालदत्त श्रेष्ठ, समितिका अध्यक्ष केदारलाल श्रेष्ठ लगायतले सम्मानित व्यक्ति तथा संस्थालाई प्रमाणपत्र र खादाले सम्मान गरेका थिए । सम्मान गर्दै प्रमुख अतिथि नगर प्रमुख श्रेष्ठले तानसेनको संस्कृति संरक्षणमा श्रीनगर सिद्धि विनायक सहयोग समितिले खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । उनले स्थानीय कलासंस्कृतिको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भएकाले त्यसतर्फ तानसेन नगरपालिकाले ध्यान दिर्दै आएको र आगामी दिनमा समेत दिने बताए । प्रमुख जिल्ला अधिकारी सुवेदीले स्थानीय कला संस्कृति सबैको साझा भएकाले त्यसको संरक्षणमा सबैले ध्यान दिनुपर्ने बताए । गुठीयार तथा नेपाली काँग्रेसका जिल्ला सभापति श्रेष्ठले गणेशको रथयात्रा विशेष गरी तानसेनका चार घर परिवारले सुरु गरेको बताए । गुठियार श्रेष्ठका अनुसार यहाँका लिगल, सुवाल, महर्जन र श्रेष्ठ परिवारले गणेशको रथ निकाल्ने परम्पराको सुरुवात गरेका हुन् । पछिल्लो समय यहाँका तीन घर परिवार बसाईसरी बाहिर गएपछि अहिले श्रेष्ठ परिवारले गुठीमार्फत यो रथयात्रा निकाल्ने गरेको उनको भनाई छ । सरकारबाट सहयोग नभए पनि स्थानीय भक्तजनहरुको सहयोगबाट हरेक बर्षा जात्रा र नियमित पुजा हुँदै आएको गुठियार श्रेष्ठले बताए । समितिका अध्यक्ष केदारलाल श्रेष्ठले गणेशको रथ निकाल्ने परम्परालाई विगतदेखि नै निरन्तरता दिर्दै आएको बताए । कार्यक्रममा तानसेन - ३ का वडा अध्यक्ष बाबुरत्न शाक्य, समितिका संस्थापक सदस्य तथा लायन्स लाकौल आँखा अस्पतालका सभापति बुद्धिप्रसाद शर्मा, भगवती गुठीका अध्यक्ष अशोकमान महर्जन, तानसेन गुठीका अध्यक्ष सकुन्तला ब्रजाचार्य, पत्रकार महासंघका अध्यक्ष कमलराज तिमिल्सेना लगायतले समितिले तानसेनको संस्कृति संरक्षणमा खेल्दै आएका भूमिका प्रशंसनिय रहेको बताए । समितिका अध्यक्ष केदार लाल श्रेष्ठको अध्यक्षता, उपाध्यक्ष बसन्त सिमगैडाको स्वागत, सचिव दिपेन्द्र थैवको सञ्चालनमा कार्यक्रम भएको थियो । सोही अवसरमा तानसेन गुठी काठमाडौंले रथ ओढाउनका लागि एक लाख दश हजारको छाता समितिलाई हस्तान्तरण समेत गरेको छ । यो हरेक वर्ष रोपाइँजात्राको भोलिपल्ट निकाल्ने गरिन्छ । यो विशेष गरी तानसेनका नेवार समुदायले विशेष रुपमा मनाउने गर्छन् । तानसेनमा थुपै रथयात्रा निकाल्ने गरिए पनि गणेशको रथ निकालेपछि मात्र अन्य रथ निकाल्ने प्रचलन रहेको छ । नेवार समुदायको परम्परागत संस्कृतिलाई बचाई राख्न हरेक वर्ष गणेशको रथ निकाल्ने गरिएको हो ।

## दिवंगत भएका...

...आर्थिक अवस्था कमजोर भएका घर परिवारबाट भने छोराहरु जोगीको रुप धारण गरेर भिक्षा माग्ने, कसैले सक्कली गाईलाई डोऱ्याएर हिड्ने, कसैले काम्ले गाई, बासा, ताहमचा, बनाएर गाईजात्रामा प्रदर्शन गर्दै आएका छन् । आजकल नेवारी समुदायको सिको गरी अन्य समुदायले पनि गाईजात्रा मनाउँदै आएको तानसेन कैलाशनगरका लक्ष्मण रावलले बताए ।

मानिसको बसाई सराईसँगै परम्परागत कला संस्कृति पनि हराउँदै गएका छन् । नेवारी समुदाय तानसेनबाट विस्थापित हुँदै जादाँ परम्परागत कलासंस्कृतिमा पनि कमि आएको छ । विभिन्न बहाना तथा अत्याधिक खर्चको कारण गाईजात्रा विगतका बर्षहरुमा जस्तो चहल, पहल, भिडभाड र रौनक हराउदै जान थालेपछि नेवा गुठी तानसेन पाल्पाले संयुक्त रुपमा गाईजात्रा निकालेको छ । नेवारी समुदायको परम्परा संस्कृति बचाउन, खर्चलाई व्यबस्थित गर्न सामुहिक रुपमा गाईजात्रा निकालिएको नेवा गुठी तानसेनका अध्यक्ष प्रकाश गंङ्गोलले बताए । तानसेनमा निकालिने सबै जात्राहरु पाल्पा दरवारमा पुऱ्याउने परम्परा रहेको छ । पाल्पा दरवार तत्कालिन समयमा पश्चिम क्षेत्रको प्रशासनिक केन्द्र रहेकोले तानसेन बाट निकालिने हरेक किसिमको जात्रा दरवारमा पुऱ्याउने परम्परा रहेको हो । गाईजात्रा लिएर दरवारमा पुग्नेहरुलाई सर्वसाधारणहरुले मिठाई, पानी, फलफूल, दुध खुवाएका छन् । सरकारले तानसेन नगरलाई सांस्कृतिक नगरको रुपमा मान्यता दिएको छ । तानसेनमा अधिकाश कलासंस्कृति नेवारी र मगरी भेषभुषामा आधारित रहेका छन् । स्थानीय कला संस्कृति जोगाउन, बजार चहल पहल बढाउन नै तानसेन नगरपालिकाले गाईजात्राको दिन स्थानीय विदा समेत दिएको थियो ।विदाको दिन नगर कार्यपालिकाको कार्यालयसहित मातहतको सबै वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयसहित अत्यावश्यक बाहेकका सबै कार्यालय बन्द रहेका थिए ।

## हराउँदै जनै बाट्ने...

...उनले भने, "पहिले घरमा धागो ल्याएर बाटिन्थ्यो, अहिले कसैलाई फुर्सद छैन, किनेर बढी प्रयोग हुन्छ ।" ब्राह्मण समाजको चासो जनै बाट्ने संस्कृति हराउँदै जान थालेपछि ब्राह्मण समाज नेपाल पाल्पाले यसको संरक्षणका लागि चासो देखाएको छ । समाजले गत वर्षदेखि तानसेन नगरभित्रका विद्यार्थी, महिला, पुरुषलाई जनै बाट्ने सीप सिकाउँदै आएको छ । नयाँपुस्तामा जनै बनाउने सीप विकास गराई संस्कृति संरक्षणका लागि बेलाबेलामा तालिम दिने गरिएको समाजले जनाएको छ । नयाँपुस्ताप्रति जनै बाट्ने परम्पराको विस्तार गरी विदेशी मुलुकबाट करोडौंको आयात केही मात्रामा भए पनि रोक्ने उद्देश्यले विधिपूर्वक जनै बनाउने सीप र तालिक उपलब्ध गराउँदै आइएको समाजका अध्यक्ष धर्मचन्द्र नेपालले जानकारी दिए । तागाधारीको पहिचान भनेकै जनै रहेकाले यसको संरक्षणका लागि स्थानीय सरकारले संरक्षणका लागि अभियान सञ्चालन गर्नुपर्नेमा उनले जोड दिए ।

### खेलकुद समाचार


## नेपाल उत्तर कोरियासँग ११-० ले पराजित



**काठमाडौ,** साउन २५/एएफसी २० वर्षमुनिको महिला एशियन कप छनोटमा नेपालले उत्तर कोरियासँग फराकिलो अन्तरको हार बेहोरेको छ । भुटानको चाङ्लिमिथाङ रङ्गशालामा भएको समूह 'ए' को अन्तिम खेलमा नेपाल उत्तर कोरियासँग ११-० गोलले पराजित भयो । पहिलो हाफमा ५ गोल गरेको उत्तर कोरियाले दोस्रो हाफमा ६ गोल थपेको हो । यो जीतसँगै उत्तर कोरिया समूह विजेता बन्दै आउँदो वर्ष थाइल्यान्डमा हुने एएफसी २० वर्षमुनिको एशियन कपमा छनोट भएको छ । उत्तर कोरियाले ३ वटै खेल जितेर ९ अङ्क जोड्यो । उत्तर कोरियाले पहिलो खेलमा साउदी अरबलाई १५-० र दोस्रो खेलमा भूटानलाई १०-० गोलले हराएको थियो । यो हारसँगै नेपाल एशियन कपमा छनोट हुन असफल भएको छ । नेपालले ३ खेलबाट ४ अङ्क जोड्यो । प्रतियोगितामा नेपालले पहिलो खेलमा भूटानसँग १-१ गोलको बराबरी खेल्दा साउदी अरबलाई १-० गोलले हराएको थियो ।

### अर्थ/कर्पोरेट समाचार

## सवारी साधन करमा जरिवाना छुट




**पाल्पा,** साउन २५/लुम्बिनी प्रदेशमा सवारी साधन करमा जरिवाना छुटको व्यवस्था गरिएको छ । समयसीमा भित्रै सवारीसाधनको कर नबुझाएका सेवाग्राहीका लागि जरिवाना छुटको व्यवस्था गरिएको हो ।

यो व्यवस्था साउनदेखि लागु गरिएको छ । सवारीधनीले वार्षिक कर नबुझाएमा जरिवाना लाग्ने व्यवस्था छ । सवारीसाधन कर नबुझाएका र नवीकरणसमेत नगरेका सवारीसाधनका लागि लाग्ने जरिवानामा ७५ प्रतिशत छुट गरिएको लुम्बिनी प्रदेश उद्योग, पर्यटन यातायात मन्त्रालयले जनाएको छ । सवारीसाधन कर तथा नवीकरण नगरेबापत तिर्नुपर्ने कुल जरिवाना रकममा ७५ प्रतिशत छुटको व्यवस्था गरिएको छ । साउनदेखि लागू भएको जरिवाना छुटको व्यवस्था आगामी पुस मसान्तसम्म लागु हुनेछ । विविध कारणवश सवारीसाधनको कर बुझाउन नसकेका सेवाग्राहीलाई सहुलियत दिने उद्देश्यले जरिवाना छुटको व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार बर्सेनि कर नबुझाएमा २० प्रतिशतका दरले जरिवाना थपिँदै जान्छ । अब सरकारको यो सुविधाअन्तर्गत वार्षिक कर नबुझाएको अवधिका आधारमा उक्त अवधिमा हुन आउने वार्षिक करको जरिवानामा ७५ प्रतिशत छुट दिने छ ।

सवारीधनीले सवारीको प्रकृतिका आधारमा वार्षिक सवारी कर बुझाउनु पर्ने हुन्छ । मन्त्रालयले जरिवानामा छुट दिएपछि सेवाग्राहीले यो सहुलियत उपभोग गरिरहेका छन् । मन्त्रालयका अनुसार सवारीसाधन कर बुझाउन ढिलाइ गरेका सेवाग्राही अहिले जरिवाना छुटको सुविधा लिनका लागि सवारीसाधन कर बुझाइ रहेका छन् । मन्त्रालयले यातायात व्यवस्था कार्यालयलाई यो सुविधाबारे व्यापक प्रचार प्रसार गर्न भनेको छ ।


मनको आवाज............

'नाम पनि युनिक, काम पनि युनिक'

युनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



### नेपाल परिवार नियोजन संघ पाल्पा शाखाको अनुरोध

**एचआइभी संक्रमण नभएका तर जोखिममा भएका व्यक्तिहरुलाई एचआइभी संक्रमणबाट जोगाउनका निम्ति एचआइभीको औषधी प्रयोग गरिने विधि प्रेप हो ।**

यसर्थ,

- एचआइभी संक्रमणबाट बच्न प्रेपको प्रयोग गरौं ।
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम औषधी नियमित सेवन गरौं ।
- एचआईभी संक्रमण नभएका महिला वा पुरुषहरुले आफ्नो एचआईभी संक्रमित यौन साथीसँग मिलेर गर्भधारण गर्न चाहेमा, प्रेपको प्रयोग गरेर एचआईभीबाट सुरक्षित रही गर्भधारण गर्न स्वास्थ्यकर्मीसँग उचित परामर्श लिऔं ।
- प्रेप सुरक्षित छ । प्रेप लिने केहि व्यक्तिहरुमा यसका सामान्य नकारात्मक असरहरु जस्तै पेट दुख्ने, रिंगटा लाग्ने, ठाउको दुख्ने वा भोक कम लाग्ने जस्ता समस्याहरु देखिन सक्छन् तर यी प्राय: केही दिनमा आफै हराएर जान्छन् तर मृगौलाको समस्या हुनेहरुले भने प्रेप प्रयोग नगरौं ।
- प्रेपले यौन रोगहरु जस्तै सिफिलिस, हेपाटाइटिस, गोनोरिया वा क्लाइमेडियाबाट बचाउँदैन । त्यसैले प्रेपको प्रयोग कण्डम वा लुब सँगसँगै हुनुपर्छ ।
- परिवार नियोजन संघ पाल्पाको परिवार स्वास्थ्य क्लिनिकमा यो सेवा नि:शुल्क रहेकाले सम्पर्क राख्न सकिने छ ।

FPAN नेपाल परिवार नियोजन संघ
तानसेन-६, पाल्पा
फोन नं. ०७५५२०७२३



वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई